# डिजिटल पदचाप र अनलाइन गोपनियता

## उद्देश्य:

- सहभागीलाई डिजिटल गोपनियता र यो किन महत्वपूर्ण छ भनेर जानकारी दिने
- डिजिटल गोपनियताको बिषयले कसरी मानिसहरुलाई प्रभाव पारिरहेको छ भनेर सहभागीलाई बुझाउने
- सहभागीलाई डिजिटल पदचापबारे बुझाउने र यस सम्बन्धित बिषयमा जानकार बनाउने

## कार्यशाला भन्दा अघि गर्नुपर्ने कामः

- मिरो बोर्ड तयार पार्ने
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ ।

- स्लाइडलाई तयारी अवस्थामा राख्ने

- सन्दर्भको लागि निम्न क्रियाकलाप सिटलाई तयारी अवस्थामा राख्ने :
  - क्यामेरा अन गर्नुस, यदि...
  - दृष्टिकोण वृत्त
  - कम्पास प्वाइन्ट
  - म पहिला ........सोच्थें र अहिले ........सोच्छु

## सहजकर्ताका लागी नोट:

- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने  सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग  निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको  "***theme 3: Communicating and Sharing Digital Contents***"मा हेर्नुहोस्।

## प्रयोग भएका टूलः

- मिरो

## कार्यतालिकाः

| शीर्षक | उद्देश्य | वर्णन |
|---|---|---|
| ताजगी क्रियाकलाप **(Energizer)**<br><br>१५/१५ मिनेट | रमाइलो क्रियाकलापबाट सुरु गर्ने।<br><br>सहभागीलाई डिजिटल पदचाप बारे सोच्न लगाउने। | आफ्नो परिचय दिनुहोस् र कार्यशालाको बारेमा बताउनुहोस।<br><br>कार्यशाला सुरु हुनु अघि सहभागीलाई संलग्न बनाउनको लागि क्यामेरा अन गर्नुस्, यदि.. नामक ताजगी क्रियाकलाप गर्नुहोस् । यसको नियम यस्ता हुने छन्:<br>● हरेक चरण सुरु हुने बेला सहभागीले क्यामेरा अन गर्ने।<br>● हरेक चरणको लागि सहजकर्ताले एउटा वाक्य भन्ने छन्।<br>● कुनै सहभागीको लागि उक्त वाक्य सही भएमा उसले वा उनले मात्र आफ्नो फोनको क्यामेरा अन गर्ने, नत्र अफ नै राख्ने।<br>● यो क्रियाकलाप ५–६ चरणसम्म निरन्तर राख्ने।<br><br>सहजकर्तालाई सुझावः यो क्रियाकलापबारे विस्तृतमा जान्न क्रियाकलाप सिटलाई सन्दर्भको रुपमा प्रयोग गर्नुहोस्।<br><br>यो क्रियाकलापको लागि भनिने केही नमूना वाक्यहरु यस्ता छन् :<br>● आफ्नो अनुमति बिना तपाईंलाई फोटो वा स्टोरीमा ट्याग गरिएको छ भने क्यामेरा अन गर्नुहोस्<br>● अनुमति नलिई अरुलाई ट्याग गर्नु भएको छ भने क्यामेरा अन गर्नुहोस्<br>● पछि पछुतो हुने गरी कुनै पोष्ट वा सेयर गर्नु भएको छ भने क्यामेरा अन गर्नुहोस्<br>● सामाजिक सञ्जालको प्रोफाइलको आधारमा मानिसप्रति कुनै धारणा बनाउनु भएको छ क्यामेरा अन गर्नुहोस्<br>● अघिल्ला वर्षको आफ्नो अनलाइन गतिविधि अहिले खुलाउन सहज महसुस हुन्छ भने क्यामेरा अन गर्नुहोस् |
| अनलाइन गोपनियता<br><br>२५/४० मिनेट | अनलाइन गोपनियता र यसको महत्वबारे छलफल गर्ने गोपनियता भंग हुँदाको प्रभावबारे सहभागीलाई सोच्न लगाउने।<br><br>अन्य दृष्टिकोणबाट अनलाइन | सोध्नुहोस्– डिजिटल गोपनियता वास्तविक जीवनको गोपनियता भन्दा फरक हो?<br><br>माथिको प्रश्नबारे छलफल गराउनुहोस्। सहभागीलाई डिजिटल र वास्तविक जीवनको गोपनियताको समानता र भिन्नता बारे छलफल गर्न प्रेरित गर्नुहोस्।<br><br>स्क्रिनमा तलको सूची भएको स्लाइड देखाउनुहोस् :<br>● सम्पर्क सूची<br>● ब्राउजिङ हिस्ट्री |

| | | |
|---|---|---|
| | गोपनियताबारे सहभागीलाई सोच्न लगाउने। | <ul><li>लोकेसन</li><li>कल गर्ने अनुमति</li><li>म्यासेज पढ्ने अनुमति</li><li>फोटो</li><li>रुची</li></ul>माथिको जानकारी सार्वजनिक हुने विभिन्न तरिकाले व्यक्तिलाई प्रभाव पार्न सक्छ भनेर सहभागीलाई बताउनुहोस् । यसको उद्देश्य सहभागीलाई आफ्नो निजी जानकारी र अरुले कसरी यसलाई दुरुपयोग गर्न सक्छन् भनेर सोच्न लगाउने हो ।<br><br>यो भिडियोको लिंक सहभागीमाझ सेयर गर्नुहोस् । यसलाई हेर्ने समय दिनुहोस् । हरेक समूहमा ४–५ जना रहने गरी समूह बनाउनुहोस्।<br><br>सर्कल अफ भ्यू प्वाइन्ट क्रियाकलापको लागि मिरो बोर्डलाई स्क्रिनमा देखाउनुहोस् । यो क्रियाकलापबारे बारेमा सहभागीलाई बताउनुहोस्।<br><br>सहभागीले तलका मध्येबाट एउटा बुँदा छान्नेछन् र आफ्नो भ्यू प्वाइन्ट (दृष्टिकोण) बाट क्रियाकलाप गर्नेछन् :<ul><li>कुनै जिम्मेवारी नलिने किशोर/किशोरी</li><li>लापरवाह वयस्क</li><li>गोपनियताबारे जानकारी व्यक्त</li><li>गोपनियता भंग भएको व्यक्ति</li></ul>सहजकर्तालाई सुझावः यो क्रियाकलापबारे विस्तृतमा जान्न क्रियाकलाप सिटलाई सन्दर्भको रुपमा प्रयोग गर्नुहोस्।<br><br>यो क्रियाकलाप गर्नको लागि हरेक समूहलाई १० मिनेटको समय हुनेछ । समय सकिएपछि हरेक समूहले गरेको क्रियाकलाप स्क्रिनमा प्रस्तुत गर्नुहोस् । हरेक समूहले गरेको क्रियाकलापमा कुनै रमाइलो, दुविधाजनक वा उत्साहित खालका बिषय भएमा थप प्रश्न सोध्नुहोस् । हरेक समूहलाई एक मिनेट भन्दा बढी समय नदिनुहोस् । |
| डिजिटल पदचाप<br><br>१५/५५ मिनेट | सहभागीलाई डिजिटल पदचापबारे सोच्न लगाउने।<br><br>सहभागीलाई डिजिटल पदचाप सम्बन्धी घटनाको विश्लेषण र सोचको लागि प्रेरित गर्ने। | सोध्नुहोस्–डिजिटल पदचाप भन्दा तपाईं के बुझ्नुहुन्छ ? यसले हाम्रो जीवनमा के प्रभाव पार्छ?<br><br>सहभागीलाई छलफलको लागि अवसर दिनुहोस् । कुनै राम्रो उत्तर आएमा थप प्रश्नहरु सोध्नुहोस्।<br><br>तलका जानकारी भएको स्लाइड प्रस्तुत गर्नुहोस् । हरेक बुँदालाई संक्षेपमा व्याख्या गर्नुहोस् । अघिल्ला छलफल आएका बुँदालाई सकेसम्म धेरै जोड्नुहोस्। |

<table>
<tr>
<td></td>
<td></td>
<td>

- आवेदन खुलाउँदा गरिने सोसल मिडिया टार्गेटिङ
- समूह लक्षित विज्ञापन
- सुरक्षाको कारण (स्थान, ठेगाना, सम्पर्क ठेगाना)
- पहिचान चोरी
- कानुनी समस्या (क्यानेडियन महिलालाई अमेरिका छिर्न नदिइएको घटना)


</td>
</tr>
<tr>
<td>डिजिटल पदचापका तथ्यांक<br><br>२५/८० मिनेट</td>
<td>हाम्रो सामान्य अनलाइन क्रियाकलापबाट संकलन गरिएको तथ्यांकले कस्तो खालको अनुमानहरु गर्न सकिन्छ भनेर सहभागीलाई सचेत गराउने।</td>
<td>

एउटा संक्षिप्त खालको रमाइलो क्रियाकलाप गराउनुहोस् । तलका तस्विर भएका स्लाइड पढ्नुहोस्।










हरेक चरणमा एक–एक गरी तस्विरहरु देखाउनुहोस् । केही नाम चलेका व्यक्तिको सोसल मिडिया पोष्टमा धेरै प्रयोग हुने एक शब्द हरेक चरणमा सहभागीलाई देखाउने । शब्दको आधारमा सहभागीले उक्त व्यक्ति कस्तो खालको होला भनेर अनुमान गर्ने । यो क्रियाकलापको उद्देश्य सहभागीलाई अनलाइन क्रियाकलापबाट संकलन गरिने तथ्यांक र त्यसको आधारमा गरिने अनुमान बीचको सम्बन्ध बुझाउनु हो।

सहजकर्तालाई सुझावः यो सामाग्री राम्रो संग बुझ्न को लागी यो भिडियो हेर्नुहोस्।

व्यक्तिको प्रकारहरु यस्ता छन् :

१. विश्वासिलो<br>
२. अरुसँग घुलमिल नहुने<br>
३. अरुसँग घुलमिल हुने

सोध्नुहोस्– यो क्रियाकलाप कोलम्बिया यूनिभर्सिटीका प्राध्यापक सान्ड्रा माजको अनुसन्धानमा आधारित छ । यो क्रियाकलापपछि तपाईंमा के सोच आयो ?

पोष्ट, कमेन्ट, लाइक, ब्राउजिङ हिस्ट्रीजस्ता माध्यमबाट हामीले थाहै नपाई सेयर गर्ने तथ्यांकको माध्यमबाट हाम्रो आनीबानी मिल्ने गरी अनुमान गर्न मेशिन लर्निङको उदयका कारण सहज भएको छ भनेर सहभागीलाई बताउनुहोस्।

विभिन्न अनुसन्धानबाट लिइएको तथ्यांकहरु भएको स्लाइड प्रस्तुत गरी तिनको बारेमा संक्षेपमा बताउनुहोस्।

</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | | क्याम्ब्रिज एनालाइटिकाको बिषयमा यो छोटो भिडियो सेयर गर्नुहोस् र सहभागीलाई हेर्न भन्नुहोस्।<br><br>सहभागीले भिडियो हेरिसकेपछि क्रियाकलापको लागि स्क्रिनमा मिरो फ्रेम देखाउनुहोस् । छोटो उदाहरणसहित कम्पास पोइन्टस थिंकिङ रुटिनको संरचनाबारे बताउनुहोस् । सहभागीले क्रियाकलापबारे बुझिसके पछि मिरो लिंक सेयर गर्नुहोस्।<br><br>समूह कार्य सुरु गर्नुअघि यो कुरालाई महत्व दिनुहोस् :<br>● बोर्डमा भएका सबै आइडियाको स्वामित्व लिनुहोस्।<br>● आफ्नो समूह सदस्यहरुसँग आइडियाबारे छलफल गर्नुहोस्।<br><br>सहजकर्तालाई सुझाव : यो क्रियाकलापबारे थप बुझ्न क्रियाकलाप सिट पढ्नुहोस्।<br><br>यो क्रियाकलापको लागि सहभागीलाई १५ मिनेटको समय दिनुहोस।<br><br>क्रियाकलाप सकिएपछि स्क्रिनमा हरेक समूहको कामहरु प्रस्तुत गर्नुहोस। कुन समूहको काम जानकारीमूलक, उत्साहपूर्ण वा द्धिविधाजनक छ भनेर सोध्नुहोस। |
| समीक्षा<br><br>१०/९० मिनेट | सहभागीले आफ्नो अनुभव भन्ने छन्।<br><br><br>सहभागीले सिकेको कुराको समीक्षा गर्ने छन्। | थिंकिङ रुटिनको प्रयोगमार्फत समीक्षा गरी कार्यशालाको अन्त्य गर्नुहोस् । म पहिला ........सोच्थें र अहिले ........सोच्छु<br><br>सहजकर्तालाई सुझावः यो क्रियाकलापलाई थप बुझ्न क्रियाकलाप सिटलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न लगाउनुहोस्।<br><br>अन्त्य गर्ने बेलामा, हामीले अनलाइनमा गर्ने क्रियाकलापहरु कसरी कतै रेकर्डको रुपमा राखिएको हुन्छ र प्रविधि कम्पनीहरुले त्यसलाई कसरी प्रयोग गर्छन् भनेर भन्नुहोस् । यो अहिलेसम्म थाहा भएको तथ्यांक प्रयोगको तरिका हो । तर, तथ्यांक विज्ञानको बढ्दो विकासका कारण हामीलाई प्रयोगविहीन लाग्ने तथ्यांकको पनि धेरै प्रयोजनको लागि प्रयोग गर्न सकिने हुन सक्छ । सहभागीलाई आफ्नो अनलाइन क्रियाकलापको बारेमा र आफ्नो बारेमा अनलाइनमा उपलब्ध गराइने जानकारी बारे सचेत रहन भन्नुहोस। |